"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय मैत्री ISO ९००१:२०१५ नगरपालिका"

प.सं. २०८०/८१
च.नं. ८६५६

मिति २०८१/०३/३०

श्री वडा कार्यालयहरु (सवै),
तिलोत्तमा नगरपालिका, रुपन्देहीं

विषय : सूत्र (SUTRA) सिस्टमको अभिमुखीकरण तालिम सम्वन्धमा ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको परिपत्र बमोजिम आ.व.२०८१/०८२ देखि सबै स्थानीय तहहरुले आन्तरिक आय सम्पूर्ण रुपमा सूत्र (SUTRA) सिस्टमबाट मात्रै बुझिलिन पर्ने व्यवस्था गरेको व्यहोरा जानकारी होला । यसका लागि यस कार्यालयबाट आर्थिक ऐन २०८१ का व्यवस्थाहरुलाई सूत्र (SUTRA) सिस्टममा अद्यावधिक गर्ने कार्य भईरहेको छ । यसरी सूत्र सिस्टममा अद्यावधिक भएको विवरणको आधारमा तहाँ वडा कार्यालयहरुले राजस्व बुझिलिने क्रममा करदाताको विवरण, सम्पत्तिको विवरण, व्यवसायको विवरण जस्ता आधारभूत विवरणहरु भने तहाँ कार्यालयबाटै सिस्टममा प्रविष्ट गनुपर्ने हुन्छ ।

अत: यही श्रावण ३ र ४ गतेका दिन आर्थिक ऐन २०८१ मा थपघट भएका विषयहरुको जानकारी गराउने र सूत्र (SUTRA) सिस्टममा तहाँबाट प्रविष्ट गर्नुपर्ने विवरण तथा सूत्र सिस्टम सञ्चालन गर्ने सम्वन्धमा अभिमुखीकरण तालिम आयोजना गरिएको हुँदा वडा सचिव र सूत्र सञ्चालन गर्ने कर्मचारी गरि दुई जना कर्मचारीहरु देहायको विवरण सहित श्री शान्ति नमूना मा. वि. को कम्प्युटर ल्याव कक्षमा बिहान १०:०० बजे उपस्थिति हुनका लागि जानकारी गराईन्छ ।

१ सम्पत्ति तथा भूमीको विवरण प्रविष्ट गरि सम्पत्ति तथा भूमीकर बुझिलिने कार्यको प्रयोगात्मक कार्य (Practical) गर्नका लागि आ-आफ्नो वडा भित्रका कम्तिमा ५ जना करदाताहरुको सम्पत्ति विवरण जस्तै जग्गाको लालपूर्जा, घर निर्माण सम्पन्न प्रमाणपत्र, नागारिकताको प्रतिलिपी एवं आ.व.०८०/०८१ मा सम्पत्ति कर तिरेको रसिद ।
(नोट: यसका लागि सम्वन्धित वडाका जनप्रतिनिधिहरुको विवरण लिन उपयुक्त हुने)

२ व्यवसायको विवरण ईन्ट्रि गरि व्यवसाय कर बुझिलिने कार्यको प्रयोगात्मक कार्य (Practical) गर्नका लागि सकभर आ-आफ्नो वडा भित्रका कम्तिमा २-३ जना करदाताहरुको फर्म दर्ता प्रमाणपत्र, स्थाई लेखा नं, ०७९/०८० को कर चुक्ता, बहालमा लिएको घरजग्गामा व्यवसाय सञ्चालन गरेको भए बहाल सम्झौता ।

३ ल्यापटप (उपलब्ध भएमा) ।

०८१/३/३०
इन्द्र दत्त लामिछाने
राजस्व अधिकृत